# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

## BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

मागमा आधारित विविध कृषि कार्यक्रकहरुमा सहभागी हुन प्रश्ताव आव्हानको सूचना

सूचना नं.०४ -२०८०/०८१ (कृषि विकास)

प्रथम पटक प्रकाशित मिति-२०८०/०५/१८

भरतपुर महानगर पालीका आर्थिक विकास महाशाखा,कृषि तथा पशुपंछी व्यावसाय प्रबर्धन शाखाको आ.ब. ०८०/०८१ को बार्षिक नगर विकास योजनाको स्वीकृत कार्यक्रम अनुसार मागमा आधारित विविध कृषि कार्यक्रममा सहभागी हुन भरतपुर महानगरपालिका भित्रका कार्यविधिमा तोकिएको मापदण्ड पुरा गरेका ईच्छुक आवेदक (कृषक समुह, कृषि सहकारी,कृषि फर्म,कृषि कम्पनी ) हरुलाई देहाय बमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति ०८०/०६ / ०१ सम्म ) माग निवेदन दर्ता गर्न हुन यो सूचना प्रकाशन गरिएको गरिएको छ । तोकिएको मापदण्ड पुरा नभएका र म्याद भित्र पेश नभएका प्रस्ताबहरुलाई मूल्यांकन प्रकृयामा समाबेश गरिने छैन । कार्यविधि भरतपुर महानगरपालिकाको www.bharatpurmun.gov.np बाट डाउनलोड गर्न सकिने छ।

आवस्यक कागजात तथा सर्तहरु

१.समुह / सहकारीको निर्णय सहित माग निवेदन ।

२.सम्बन्धित संस्थाको दर्ता/ नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं.रकरचुक्ताको प्रतिलिपी ।

३.कम्पनी, समुह, सहकारीको हकमा प्रस्ताव पेश गर्ने तथा अख्तियार प्रदान गरिएको बारे बैठकको प्रतिलिपी ।

४.प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त / जिम्मेवार ब्यात्कीको नागरिकताको प्रतिलिपी तथा अख्तियारी पत्र ।

५.सम्बन्धित वडा कार्यलय/कृषि सेवाकेन्द्रको कार्यक्रममा सहभागिताको लागी सिफारिस पत्र ।

६.कार्यक्रम संचालन गरिने जमिनको लालपुर्जाको फोटोकपि/ लिजमा लिएको जमिन भए कम्तिमा ५ बर्ष वा सम्वन्धित कार्यक्रमको कार्यविधिले तोके बमोजिमको करारनामाको प्रतिलिपि ।

७. कार्यक्रम अनुसार कार्यविधिले तोकेका अन्य कागजातहरु ।

नोट –कार्यक्रम सम्बन्धी थप जानकारीका लागी भरतपुर महानगरपालीकाको कृषि तथा पशुपंछी व्यवसाय प्रवर्धन शाखाको फोन नं. ०५६-४९३४३७ वा फोन नं.९८६०५७३२९१ वा ९८४५३५५९७६ मा सम्पर्क गर्न सकिने छ । कार्यविधि संसोधन भएमा संसोधित कार्यविधि बमोजीम नै कार्यक्रम संचालन हुनेछ । प्रस्ताव दर्ता गर्दा निवेदक स्वयम उपस्थित हुनु पर्ने छ ।

..............................

महाशाखा प्रमुख